२०८०।१०।०५

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ मोरङ
कोशी प्रदेश, नेपाल

मिति : २०८०।१०।०५ शुक्रबार

निर्णयहरु

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा | मिति २०८०।०९।०६ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो।<br>समिक्षामा पाइएको बिषयहरूः<br>१. मितिः२०८०।०९।०६ गतेको कार्यपालिकाको निर्णय धेरै कार्यान्वयन भएको र बाँकी कार्यान्वयन चरणमा रहेको पाइयो। |
| २ | प्रेश बिज्ञप्ती जारी गर्ने सम्बन्धमा। | यस लेटाङ नगरपालिकाको कार्यालयमा सहिदको मुर्ति तोडफोड गरेको भनी नगरपालिकामा गरिएको तालाबन्दी र नाराबाजी गर्दै जनमानसमा भ्रम सिर्जना गर्ने कार्य भएकोमा उक्त कार्यको सम्बन्धमा नगरबासीलाई बास्तविक जानकारी सहितको प्रेश बिज्ञप्ती जारी गर्ने। |
| ३ | संस्था दर्ता सम्बन्धमा। | संस्था दर्ताको लागि पेश हुन आएका तथा सामाजिक विकास समितिबाट अध्ययन भई प्राप्त भएका देहायका संस्थाहरूलाई लेटाङ नगरपालिका संस्था दर्ता ऐन, २०७८ को दफा ४को उपदफा ३ बमोजिम संस्था दर्ता गर्ने साथै प्रमाणपत्र प्रदान गर्ने।<br>देहायः<br>१.बि.बाइ.सी, लेटाङ-९<br>२.जाँते भेटरान क्लब, लेटाङ-९<br>३.लामिटार युवा क्लब, लेटाङ-६<br>४.चिसाङ युवा क्लब, लेटाङ-३ |
| ४ | स्थानीय तह संस्थाथागत क्षमता स्वमूल्याङ्कन(LISA) सम्बन्धमा। | यस लेटाङ नगरपालिकामा आर्थिक बर्ष २०७९।८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) १० वटा क्षेत्रको स्कोरको औषत अङ्क ६८.५% प्राप्त भएकाले उक्त स्कोरलाई अनुमोदन गर्ने। |
| ५ | ठेक्काको म्याद थप सम्बन्धमा। | लेटाङ नगरपालिकामा संचालनमा रहेका संलग्न अनुसूची-१ बमोजिमका योजनाहरूको थप आर्थिक व्ययभार नगरपालिकालाई नपर्ने गरी म्याद थप गर्ने। |
| ६ | आ.व.२०८०/८१ को निति कार्यान्वयनको समिक्षा सम्बन्धमा। | लेटाङ नगरपालिकामा आर्थिक बर्ष २०८०/८१ मा तय गरिएका नीतिहरू कार्यान्वयनको समिक्षा गर्नका लागि सम्पूर्ण विषयगत समितिहरूलाई आफ्नो क्षेत्रसंग सम्बन्धित नीति कार्यान्वयनको बास्तविक अवस्थाको प्रतिवेदन आगामी कार्यपालिका बैठकमा पेश गर्न आग्रह गर्ने। |
| ७ | पालिकाको सिमा अध्ययन कार्यदल गठन सम्बन्धमा। | लेटाङ नगरपालिकासँग जोडिएका पालिकाहरूसँगको सिमानाहरूको बिषयमा बास्तविक तथ्याङ्क प्राप्त नभएकाले सिमाना यकिन गरी अन्तर पालिका समन्वय समितिको बैठकमा पेश गर्न देहाय बमोजिमको अध्ययन कार्यदल गठन गर्ने। |

नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ मोरङ
कोशी प्रदेश नेपाल

<table>
<tr><td></td><td></td><td>संयोजक- भूमबहादुर सुर्यमगर<br>सदस्य- भानुभक्त राई<br>सदस्य- दिर्घायु लिम्बु<br>सम्बन्धित वडाको वडा अध्यक्ष आमन्त्रित सदस्यको रूपमा रहने।</td></tr>
<tr><td>८</td><td>डि.पि.आर स्विकृत सम्बन्धमा।</td><td>यस लेटाङ नगरपालिकामा फोरसाइट आर्कीटिक्स प्रा.ली. बाट तयार भई प्राप्त भएको अन्तर सांस्कृतिक संग्रालयको डि.पि.आर र टुक्रे पर्यापर्यटन सामुदायिक वनको अवधारणा पत्र तथा नगरपालिका सभाहलको इन्टेरियर डिजाइन स्विकृत गर्ने।</td></tr>
<tr><td>९</td><td>भौतिक पूर्वाधार बिकास मन्त्रालयमा योजना माग गर्ने।</td><td>लेटाङ नगरपालिका वडा नं ७ को देहायका स्थानमा ट्रस्ट ब्रिज निर्माणको सहयोगका लागि कोशी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयमा अनुरोध गर्ने।<br><u>देहायः</u>
<table>
<tr><th>क्र.सं</th><th>योजनाको नाम</th><th>ठेगाना</th></tr>
<tr><td>१</td><td>मिक्लाजुङ वडा नं १ देखि लेटाङ नगरपालिका वडा नं ७ जोड्ने कालि खोलामा ट्रस्ट ब्रिज निर्माण</td><td>लेटाङ-७</td></tr>
<tr><td>२</td><td>लेटाङ नगरपालिका मुसेबुङ देखि मलिबासे जोड्ने याचेपा खोलामा ट्रस्ट ब्रिज निर्माण</td><td>लेटाङ-७</td></tr>
<tr><td>३</td><td>लेटाङ नगरपालिका वडा नं १ बथाह र केराबारी वडा नं २ जोड्ने रूदुवा खोलामा ट्रस्ट ब्रिज निर्माण</td><td>लेटाङ-१</td></tr>
</table></td></tr>
<tr><td>१०</td><td>कर्मचारी करार सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा हाल आवश्यक देखिएको देहायको पदको करार सेवामा पदपूर्तिका लागि बिज्ञापन गर्ने।
<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>तह</th><th>पदमाग संख्या</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>भेटरनरी डाक्टर</td><td>छैटौं तह</td><td>१</td><td></td></tr>
<tr><td>२</td><td>कानुन सेवा</td><td>पाँचौ तह</td><td>१</td><td></td></tr>
<tr><td>३</td><td>कृषि स्नातक प्राविधिक</td><td>छैटौं तह</td><td>१</td><td></td></tr>
<tr><td>४</td><td>सूचना प्रबिधि अधिकृत</td><td>छैटौं तह</td><td>१</td><td></td></tr>
</table>
<u>स्वास्थ्य सेवा तर्फः</u>
<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>तह</th><th>स्तर</th><th>पदमाग संख्या</th></tr>
<tr><td>१</td><td>ज. हे .स.</td><td>आठौं</td><td>मेडिक अधिकृत</td><td>१</td></tr>
<tr><td>२</td><td>जनरल नर्सिङ</td><td>पाचौं</td><td>स्टाफ नर्स</td><td>१</td></tr>
<tr><td>३</td><td>हेल्थ ईन्स्पेक्सन</td><td>पाचौं</td><td>हेल्थ असिस्टेण्ट</td><td>१</td></tr>
<tr><td>४</td><td>हेल्थ ईन्स्पेक्सन</td><td>चौंथो</td><td>अ.हे.व</td><td>२</td></tr>
</table></td></tr>
<tr><td>११</td><td>ऐन/कार्यबिधि/मापदण्ड निर्माण सम्बन्धमा।</td><td>मस्यौदा तयार समितिबाट तयार भई मस्यौदामा विधायन समितबाट छलफल भई प्राप्त भएको देहायका ऐन/कार्यबिधि तथा मापदण्डहरूको स्विकृत गरी १४ औ हिउँदे नगरसभामा पेश गर्ने।<br><u>देहायः</u></td></tr>
</table>

भूपेन्द्रकुमार लावती
नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | १.लेटाङ नगरपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्वन्धी ऐन,२०८०<br>२. लेटाङ नगरपालिकाको वन ऐन पहिलो संसोधन,२०८०<br>३.विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि,२०८०<br>४.लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्वन्धी नीति,२०८०<br>५.सहकारी ऐन, २०७६ दोश्रो संसोधन<br>६.लेटाङ नगरपालिका क्षेत्रको नदि खनिज जन्य प्राकृतिक श्रोत साधन(संकलन र उपयोग) सम्वन्धमा व्यवस्था गर्न बनेको कार्यविधि,२०८०<br>७.लेटाङ नगरपालिका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८०<br>८.लेटाङ नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०८०<br>९.सूचना प्रविधि अधिकृत छनौट परिक्षाको कार्यविधि,२०८० |
| १२ | स्टक प्रमाणित सम्वन्धमा | यस लेटाङ नगरपालिका क्षेत्रभित्र स्टक रहेको ढुङ्गाको स्टक प्रमाणित गर्नका लागि स्टक हेरी सिफारिस गर्न वडा नं ३ को वडा अध्यक्ष श्री डम्वर बहादुर राईको अध्यक्षतामा एक स्टक प्रमाणित सिफारिस समिति गठन गर्ने र उक्त समितिले ठेक्का सम्झौता हुन अगावै मितिः२०८०।१०।१७ गतेभित्रमा स्टक प्रमाणितका लागि सिफारिस गर्ने।<br>अध्यक्षः श्री डम्वरवहादुर राई - वडा नं ३ अध्यक्ष<br>सदस्यः श्री विष्णुकुमार मगर – वडा नं १ अध्यक्ष<br>सदस्यः श्री तेजप्रसाद तिम्सिना - वडा नं २ अध्यक्ष<br>सदस्यः श्री भूमबहादुर सूर्यमगर – वडा नं ५ अध्यक्ष<br>सदस्यः श्री जङ्गबिर तामाङ - वडा नं ६ अध्यक्ष<br>सदस्यः श्री भिमप्रसाद पोखेल – वडा नं ८ अध्यक्ष<br>सदस्यः श्री नन्दप्रसाद खतिवडा – वडा नं ९ अध्यक्ष<br>सदस्यः श्री चम्पाथापा मगर – कार्यपालिका सदस्य<br>सदस्य सचिवः श्री भानुभक्त राई – इन्जिनियर |
| १४ | बजेट बिनियोजन तथा अनुमोदन सम्वन्धमा। | वडा नं २ को वडा कार्यालय भवन निर्माण भई सर्ने क्रममा रहेकाले कार्यालय संचालनका लागि अति आवश्यक सामाग्रीहरू व्यवस्थापन गर्नका लागि फर्निचर तथा फिक्सचर्स बाट ५,००,०००/- बजेट बिनियोजन गरेकोमा उक्त बिनियोजनको अनुमोदन सहित उक्त शिर्षकवाट अपुग रकम रू२०००००/- थप बिनियोजन गर्ने। |
| १५ | ठेक्का रद्ध गर्ने सम्वन्धमा। | यस कार्यालय तथा श्री सयपत्रि मल्टिपरपोज कम्पनि प्रा. लि., वेलवारी, मोरङ सँग मिति २०७८।०९।२१ मा ठे. नं. LM/MOR/NCB/W/06/78/79 Construction of Cold Storage Plant निर्माण कार्य रु.९९,७४,१६०।-(मु अ कर र पि एस आइटम समेतमा गर्ने गरी र मिति २०७९।०३।१५ गते कार्य सम्पन्न गर्ने मिति तोकि सम्झौता भई कार्यारम्भ भएको थियो । यस कार्यको |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | शुरु लागत अनुमान रु.१,४७,९३,६५२।९६ भएकोमा मिति २०७९।०३।१० मा भेरियसन रकम स्विकृति भई परिमार्जित सम्झौता रकम रु.१,०५,९१,७५७।१३ (मु अ कर र पि एस आइटम समेत) कायम भएको छ। यस निर्माण कार्यको कार्य सम्पन्न गर्नु पर्ने मिति कार्यालयको विभिन्न मितिको निर्णयले म्याद थप भई अन्तिम कार्य सम्पन्न गर्नु पर्ने मिति २०८०।०६।३० कायम भएको थियो ।<br>यस कार्यालयबाट विभिन्न मितिमा कार्य प्रगति सन्तोषजनक नरहे पछि कार्य प्रगति गर्न तथा ढिलाईको कारण समेत जानकारी गराउन पत्राचार भएकोमा निज श्री सयपत्रि मल्टिपरपोज कम्पनि प्रा. लि., बेलवारी, मोरङले कार्य प्रगति गर्ने तर्फ चासो नदिएको र प्रस्तुत पत्रहरुमा सन्तोषजनक प्रगति विवरण तथा तथ्यांकहरु उपलब्ध नगराएको तथापि बजारको अवस्था तथा सामग्रीहरुको उपलब्धता नभएका जस्ता कारणहरुले गर्दा केही म्याद थपका निर्णयहरु भएको । मिति २०८०।०९।२३ गते प्राविधिक टोलि गएर हालसम्म भए गरेका कामको मूल्यांकन गर्दा भौतिक प्रगति ४४.२०% मात्र रहेको पाइयो र यस ठेक्कामा हाल सम्म रु.५३३३६०१।०० रुपैयाँ भुक्तानी भएको । यसर्थ श्री सयपत्रि मल्टिपरपोज कम्पनि प्रा. लि., बेलवारी, मोरङले प्रस्तुत गरेको revised work schedule बमोजिम कार्य प्रगति नगरेको तथा विकास निर्माण कार्यलाई समेत वेवास्ता गरेको, काबु बाहिरको परिस्थिति परी कार्य गर्न नसकेको जानकारी नदिएको तथा आम लेटाङ्गका कृषकहरुको आर्थिक उन्नतिमा समेत यस विलम्बले असर गरेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ र सोही ऐनको दफा ५९ को उपदफा ८ बमोजिम यस काम बमोजिम राखिएको पुरै जमानत जफत र सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सरकारी बाँकी सरह असुल उपर गर्ने । |
| १६ | बजेट विनियोजन सम्बन्धमा। | १.लेटाङ नगरपालिकामा साझा भवन तथा नगर पालिका चमेना गृह मर्मत तथा निर्माणका लागि प्राबिधिक बाट प्राप्त अनुमानीत लागत स्टमेट बमोजिमको रू५,००,०००/- बिनियोजन गर्ने(श्रोतः निर्मित सम्पत्तीको मर्मत संभार)<br>२.लेटाङ नगरपालिका वडा नं १ को धोबी राजारानी सडक स्तरउन्नतीका लागि रू४०,०००/- बिनियोजन गर्ने। (श्रोतःअन्य सडक मर्मत संभार)<br>३.न्यायिक समितिको पुस्तक प्रकाशनका लागि आवश्यक बजेट रू १,५०,०००/- बिनियोजन गर्ने। (श्रोतःपुस्तक तथा सामाग्री खर्च)<br>४.लेटाङ नगरपालिका वडा नं २ मा अवस्थित बुधबारे प्रहरी चौकीलाई बिपद् व्यवस्थापनका लागि आवश्यक सामाग्री खरिदका लागि आवश्यक रकम रू २१९९४ बजेट बिनियोजन गर्ने। (श्रोत विपद् व्यवस्थापन खर्च शिर्षकबाट) |

भूपेन्द्रकुमार लावती
नगर प्रमुख

| | | |
|---|---|---|
| | | ५.उर्लाबारी नगरपालिकाको पर्यटन बिकासका लागि लेटाङ नगरपालिका समक्ष संझार क्लब नेपालले एक दिवसीय कार्यक्रम संचालन गर्नका लागि आर्थिक सहयोग माग गरेकोमा निजलाई रू२५००० प्रदान गर्ने। (श्रोतः पत्रपत्रिका, छपाई तथा सुचना प्रकासन खर्च)<br>६.लेटाङ नगरपालिका वडा नं ६ अन्तर्गत लामीटारमा खुल्ला नकआउट रानीपानी भलिबल प्रतियोगिता गर्ने भएको हुँदा उक्त भलिबल प्रतियोगिता संचालनका लागि रू२५०००/- आर्थिक सहयोग प्रदान गर्ने। (श्रोतःखेलकुद प्रतियोगिता संचालन )<br>७.लेटाङ नगरपालिका वडा नं ५ मा बस्ने श्री मान बहादुर सुर्यमगर दृष्टि बिहिन रहेको निजको पत्नी समेत बिभिन्न रोगबाट ग्रस्त रही निजहरूको आयश्रोत नभई बिपन्न नागरिक अन्तर्गत रहेकाले सहयोग उठाई घर निर्माण गर्न आवश्यक सहयोगका लागि वडा कार्यालय बाट सिफारिस भई आएको हुँदा निजको घर निर्माणका लागि १५०० इट्टा खरिद गर्न रू३५०००/- प्रदान गर्ने। (श्रोतः गरिब सँग मेयर कार्यक्रम)<br>८.लेटाङ नगरपालिका वडा नं ८ को धाप भन्ने स्थानमा बिपन्न ७ घरपरिवार बसोबास गर्ने स्थानमा शौचालय नभएको पाइएको र निजहरू शौचालय निर्माण गर्न समेत असमर्थ देखिएकाले उक्त क्षेत्रमा सबै मानिसहरूमा काम आउने किसिमको एक शार्वजनिक शौचालय निर्माणका लागि हुन आउने खर्च रकम रू २५६०००/- बिनियोजन गर्ने। (श्रोतः गरिब सँग मेयर कार्यक्रमबाट)<br>९.लेटाङ नगरपालिका वडा नं ६ सालबारीमा अवस्थित बिपन्न नागरिक हरूलाई बिद्यालय भर्नाका लागि सामाग्री सहित अन्य सहयोग प्रदान गर्न २५००० बिनियोजन गर्ने(श्रोतः गरिब सँग मेयर कार्यक्रम) |
| १७ | सर्पदंश केन्द्र नयाँ भवनबाट सार्ने। | लेटाङ नगरपालिकाको वडा नं ४ मा नयाँ निर्माण भएको सर्पदंश भवन निर्माण सम्पन्न भएकाले उक्त स्थानबाट सेवा प्रवाह गर्ने। |
| १८ | अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सुझाव सम्बन्धमा। | लेटाङ नगरपालिकामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मितिः२०८०।०९।०४ गते प्राप्त ४६ बुदे सुझावहरू साथै अन्य बिभिन्न मितिमा प्राप्त सुझावहरूको सम्बन्धमा छलफल गरियो। |
| १९ | राजश्व सुधार प्रतिवेदन स्विकृत गर्ने। | लेटाङ नगरपालिकामा परामर्श दाता श्री प्रयास प्रारम्भ प्रा.लि. बिर्तामोड, झापाबाट प्राप्त राजश्व सुधार प्रतिवेदन स्विकृत गर्ने। |
| २० | तह बृद्धि सिफारिस समिति गठन सम्बन्धमा। | स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन २०८० को दफा २७ को उपदफा (४) बमोजिम देहाय बमोजिमको तह बृद्धि सिफारिस समितिको गठन गर्ने।<br>अध्यक्ष - प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य- नरसिंह अधिकृत – सिता थापा<br>सदस्य सचिव- उपसचिव(प्रा.) – कृष्णराज राई |

भुपेन्द्रकुमार लावती
नगर प्रमुख

| | | |
|---|---|---|
| २१ | कर्मचारीको पारिश्रमिक सम्बन्धमा। | लेटाङ नगरपालिकामा इन्जिनियर पदमा डोरहाजिरिमा कार्यरत कर्मचारी श्री प्रशान्त धिमालले कार्यालय लाग्ने दिन भन्दा अतिरिक्त समय कार्यालयमा आई कार्यलयको कामकाज गर्नुपर्ने भएकाले निजलाई निजको हाजिर भएको दिन देखिकै मितिबाट लागु हुनेगरी मासिक रूपमा हुन आउने तलब भुक्तानी प्रदान गर्ने। |
| २२ | नगर सभा सम्बन्धमा। | १.लेटाङ नगरपालिकाको १४औं हिउँदे नगरसभा मितिः२०८०।१०।१५ गतेका दिन बिहान ८ बजे गर्ने।<br>२.कार्यपालिकाको बिभिन्न मितिका बैठकबाट रकमान्तर गर्ने निर्णय भएका संलग्न अनुसूची बमोजिमका कार्यक्रम तथा योजनाहरू र योजना तर्जुमा समितिबाट छनौट भई आएका अनुसूचिमा उल्लेखित योजना तथा बजेट संशोधन सम्वन्धी प्रस्ताव २०८० माघ १५ गते हुने १४ औ नगरसभामा पेश गर्ने। |
| २३ | सामुदायिक वन सम्बन्धमा। | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाइ स्थानीय तहाबाट स्विकृत गर्नुपर्ने साथै सोही ऐनको दफा६२(क) को उपदफा २ मा बनपैदावार बिक्रि वापत प्राप्तहुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको राजश्व खातामा दाखिला गर्नुपर्ने रकम लेटाङ नगरपालिकाको क्षेत्रमा प्रायजसो बनक्षेत्र रहेपनी हालसम्म धानखेती सामुदायिक वनले राजश्व रकम लेटाङ नगरपालिकालाई नबुझाएको हुँदा आ.व.२०७८/७९ देखिको हुन आउने राजश्व रकम सामुदायिक वनसंग माग गर्ने साथै लेटाङ नगरपालिकाले सिफारिस नगरेसम्म उक्त सामुदायिक वनको वन पैदावार कटान मुछानको लागि अनुमती प्रदान नगर्न सम्बन्धित निकायमा जानकारी गराउने। |
| २४ | राहात प्रदान सम्बन्धमा। | लेटाङ नगरपालिकामा जङगली हात्ती आतङ्क बाट क्षति भएका तपसिल बमोजिमको व्यक्तिलाई मितिः२०८०/०९/०६ गतेको कार्यपालिकाको मापदण्ड बमोजिम प्रदान गर्ने।<br>तपसिलः<br>वडा नं \| नाम,थर \| अनुमानित क्षती \| राहत रकम<br>३ \| वतीमाया राई \| ५ लाख \| १०,०००/-<br>५ \| निशा आचार्य \| १९००० \| ६०००/- |
| २५ | छात्राबृति सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ४ मा बसोबास गर्ने भुवल दर्जिको छोरा रोसन भुपाल दर्नालको आर्थिक अवस्था कमजोर भएको भनी छात्राबृती माग निवेदन प्राप्त भएकाले निजलाई श्री शान्ती भगवती मा.बि. बाणिज्य संकायको कक्षा ११ मा अध्ययनका लागि रू८०००/-प्रदान गर्ने। |
| २६ | भुक्तानी सम्बन्धमा। | जनता पैनी पापु गौडा, जनसहयोग स्माली सिचाई पैनी, तेलिखोला खेत जनता पैनी, पंचमुखी सिचाई तेली पैनी, मोरङ्गी जनता पैनि वडा नं ९ को पैनिहरुको मुहान मर्मत संभार गर्दा भएको खर्चको भुक्तानी हुन बाँकी रकम प्राविधिक स्टमेट बमोजिम |

लेटाङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय लेटाङ, मोरङ कोशी प्रदेश, नेपाल

भुपेन्द्रकुमार लावती नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

<table>
<tr><td></td><td></td><td>रू ४७९०००/- भुक्तानी प्रादन गर्ने। (श्रोतः निर्मित पैनीहरुको मर्मत, स्तरउन्नती तथा तटबन्धन)</td></tr>
<tr><td>२७</td><td>पदपूर्ती समिति गठन सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्विधि २०७६ को दफा ५ मा भएको व्यवस्था बमोजिम करार सेवामा कर्मचारी भर्ना गर्नका लागि देहाय बमोजिमको एक पदपूर्ति समिति गठन गर्ने।<br>संयोजक – प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य – विषय बिज्ञ (आमन्त्रित)<br>सदस्य - लेखा अधिकृत<br>सदस्य सचिव – प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख</td></tr>
<tr><td>२८</td><td>संघीय सरकार समक्ष समपुरक अनुदान तथा विशेष अनुदान सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा आ.ब.२०८०/८१ का समपूरक अनुदान तथा संङ्घिय बिशेष अनुदानका लागि नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार,काठमाडौं बाट आवश्यकता र औचित्य पुष्टि हुने गरी उत्पादन, उत्पादकत्व अभिवृद्धि तथा दिगो रोजगारी सिर्जना गर्ने उद्देश्यका आयोजना एवं भू-कम्प तथा अन्य विपद् बाट भएको क्षतिलाई समेत सम्बोधन गर्ने गरी पूर्वतयारी सम्पन्न भएका आयोजना/कार्यक्रमक साथै यसअघि संङ्घिय समपूरक तथा बिशेष अनुदान प्राप्त गरी कार्यान्वयनमा गएका योजनालाई बिशेष प्राथमिकता दिई आयोजना/कार्यक्रम पेश गर्न भने बमोजिम देहाय बमोजिमको प्राथमिकिकरण भएको आयोजना/कार्यक्रम पेश गर्ने निर्णय गरियो।<br><u>देहायः</u>
<table>
<tr><td>प्राथमिकता क्र.नं.</td><td>आयोजना/कार्यक्रमको नाम</td></tr>
<tr><td>१</td><td>अन्तर धार्मिक शान्ती पार्क निर्माण, लेटाङ – १</td></tr>
<tr><td>२</td><td>अन्तर सांस्कृतिक संग्राहलय निर्माण, लेटाङ - ५</td></tr>
<tr><td>३</td><td>टुक्रे पर्यापर्यटन सामुदायिक वन निर्माण, लेटाङ</td></tr>
<tr><td>४</td><td>लेटाङ नगरकार्यपालिकाको प्रशासनीक भवन निर्माण</td></tr>
<tr><td>५</td><td>व्यवस्थित पशु बधसाला निर्माण</td></tr>
<tr><td>६</td><td>बसपार्क निर्माण</td></tr>
</table></td></tr>
<tr><td>२९</td><td>प्रधानमन्त्री रोजगार सँग साझेदारी</td><td>लेटाङ नगरपालिकाको देहायका योजनाहरू प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गर्ने सर्वसम्मत निर्णय गरियो।<br>१. ठूलो गैरी डाँडामा ड्राई वाल निर्माण, लेटाङ ७<br>२. बिभिन्न स्थानमा तारजाली लगाउने काम, लेटाङ ७ प्रधानमन्त्री रोजगार सँग तारजाली भर्ने काममा साझेदारीमा(तारजाली नगरले उपलब्ध गराएको)<br>३. खेरूवा खोला पुल तल्लो क्षेत्रमा तारजाली लगाउने, लेटाङ५ प्रधानमन्त्री रोजगार सँग तारजाली भर्ने काममा साझेदारी(तारजाली नगरले उपलब्ध गराएको)</td></tr>
</table>

नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | ४. इनार झर्ने बाटोमा तारजाली, लेटाङ ५ प्रधानमन्त्री रोजगार सँग तारजाली भर्ने काममा साझेदारी (तारजाली नगरले उपलब्ध गराएको) |
| ३० | सहमती अनुसारको मिलापत्र कार्यान्वयन सम्बन्धमा। | लेटाङ नगरपालिका न्यायिक समिति संयोजकबाट मितिः२०८०।०९।२३ गतेको पत्र मार्फत नगरकार्यपालिकाबाट सहमतीको कार्यान्वयन गरी दिनु हुन भनी प्राप्त पत्रानुसार पहिलो पक्ष लेटाङ नगरपालिका वडा नं ३ बस्ने कमल बिश्वकर्मा र दोश्रो पक्ष लेटाङ नगरपालिका वडा नं ३ बस्ने नेत्र बहादुर कामी बिच भएको बिबादमा मितिः२०८०।०३।२७ गते न्यायीक समितिबाट भएको सहमतिको कार्यान्वयन गराउने। |
| ३१ | सार्वजनिक सूचना प्रकाशन गर्ने सम्बन्धमा। | १.लेटाङ नगरपालिकामा हाल भुसिया कुकुरको बिगबिगि बढ्दै गएकाले समुदायमा सचेतना फैलिने किसिमको सार्वजनिक सूचना प्रकाशन गर्ने।<br>२.लेटाङ नगरपालिकामा स्थायी बसोबास गर्ने नागरिकहरू मध्ये धेरै नागरिकहरू अबैधानिक तवरले रसियन सैनिकमा भर्ना भएको जानकारी प्राप्त भएको साथै रसियन सैनिकमा जाने व्यक्तिहरूको बास्तविक तथ्याङ्क लेटाङ नगरपालिकामा प्राप्त नरहेकाले तथ्याङ्क संकलनका लागि वडा कार्यालयमा अथवा अनलाईन प्रणालिबाट सूचना मागको सार्वजनिक सूचना प्रकाशन गर्ने। |
| ३२ | म्याद थप सम्बन्धमा। | प्रस्तुत विषयम लेटाङ नगरपालिकामा को आय ठेक्का चिसाङ,मोरङ्गी र तेलि खोलामा नदिजन्य पर्दार्थ उत्खन्न, संकलन तथा बिक्रि, ठेक्का नम्बर LM/MOR /NCB/REV/01-2080-81का लागि मितिः२०८०।०९।१९ गते सबै भन्दा बढि अङ्क कबोल गर्ने पाथिभारा क्यारियर प्रा.ली. इटहरी सुनसरी लाई सम्झौता गर्न आउने पत्र लेखिएकोमा उक्त फर्म/कम्पनीले मितिः२०८०।१०।०३ गते सम्झौता गर्नका लागि १५ दिन समय थप माग गरेकोमा २०८०।१०।१८ गते कार्यलय समय सम्मका लागि म्याद थप गरिदिने। |
| ३३ | डोरहाजिरिमा कर्मचारी राख्रे | लेटाङ नगरपालिका वडा नं २ को आधारभुत स्वास्थ्य केन्द्रमा ल्याब संचालन गर्नका लागि एक जना ल्याब असिस्टेन्ट (चौथो तह) जनशक्ति आवश्यकता परेको हुँदा लेटाङ नगरपालिकाको आन्तरिक श्रोतबाट तलब भत्ता भुक्तानी हुने गरी डोरहाजिरिमा राख्रे। |
| ३४ | बोलपत्रदातालाइ आवश्यक कार्यवाही सम्बन्धमा | यस लेटाङ नगरपालिकाको ठेक्का न. LM/MOR/NCB/W/०२/८०-८१, Construction of Inter Religious Peace Monument सम्बन्धमा मिति २०८०/०६/१९ मा बोलपत्र आव्हान गरिएकोमा बोलपत्र पेश गर्नेअन्तिम मिति २०८०/०८/०८ सम्ममा पेश भएको ९ वटा बोलपत्र हरुको मूल्यांकन समितिले मूल्यांकन गरी मिति २०८०/०९/०३ मा मूल्यांकन प्रतिवेदन पेश भइ मिति २०८०/०९/१७ १२:०० मा आर्थिक प्रस्ताव खोल्ने गरी मिति २०८०/०९/०४ मा सूचना प्रकाशन गरिएको थियो । बोलपत्रदाताहरु मध्ये श्री हिमालयन पिहु एण्ड राज जे भि को बोलपत्रमा पेश भएको अनुभव सम्बन्धी कागजातमा पेश भएको |

सुरेन्द्रकुमार लाम्छा
नगर प्रमुख

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | | Wood Apple Hotel & Spa को अनुभव पत्र उपर नक्कली भएको आधारमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ बमोजिम बोलपत्रदाता वा प्रस्तावदाताकोआचरणको उपदफा २ को खण्ड (ख) र (ग) मा व्यवस्था भए अनुरुप तथ्य बङ्ग्याइ वा झुक्याइ र जालसाजी गरी उक्त जे.भि.ले Wood Apple Hotel & Spa को Work Experience Certificate तथा TDS प्रमाणपत्र तथ्य नभएको देखिएकोले सोही ऐनको दफा ६३ को उपदफा १ को खण्ड (क) बमोजिम श्री हिमालयन पिहु एण्ड राज जे.भि. विराटनगर ४ लाई कालो सूचिमा राख्नको लागि आवश्यक कारवाही अगाडी बढाउने। उक्त निर्माण कार्यको आर्थिक मूल्यांकन सम्वन्धमा श्री सार्वजनिक खरिद अनुगमन कार्यालय समक्ष आवश्यक परामर्श माग गर्न र मूल्यांकन अवधी बढ्न जाने देखिएकोले बोलपत्रदाताहरुको Bid Validity Period र Bid Security को म्याद थप गर्न पत्राचार गर्ने। |
| ३५ | टेका मिनि मोहोत्सव सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ८ मा अवस्थित श्री सूर्योदय युवा क्लबले स्थानीय कला संस्कृतिको जगेर्णा गर्ने उद्देश्यले मिनि मोहोत्सव आयोजना गर्न माग निवेदन प्राप्त भएकाले सो स्थानमा टेका मेला संञ्चालन गर्नका लागि ७ दिनको अनुमतीका लागि जिल्ला प्रशासन कार्यालय मोरङमा सिफारिस प्रदान गर्ने। |

भूपेन्द्रकुमार लावती
नगर प्रमुख